# प्रसौनी गाउँपालिका
## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्ड ६** **संख्या ४** **मिति २०८०।०३।३०**


भाग-२

# प्रसौनी गाउँपालिका

# प्रसौनी गाउँपालिका खानेपानी व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाई गाउँपालिका कार्यालयको माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाई सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम यस प्रसौनी गाउँपालिका, २०८०।०३।३० गतेको तेह्रौ गाउँसभाको बैठकले यो कार्यबिधिको तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यबिधिको नाम प्रसौनी गाउँपालिकाको "खानेपानी व्यवस्थापन कार्यबिधि, २०८०" रहेको छ ।

२) यो कार्यविधि गाउँ सभाको बैठकले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले यस प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले प्रसौनी गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(घ) “कार्यपालिका” भन्नाले प्रसौनी गाउँपालिकाको गाऊँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “सदस्य” भन्नाले प्रसौनी गाउँकार्यपालिकाको बिधेयक समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(च) “पदाधिकारी” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने खानेपानी व्यवस्थापन समितिको पदाधिकारीलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्रसौनी गाऊँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा प्रसौनी गाउँकार्यपालिकाको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

९ज० “अनुगमन तथा सुपरिवेक्षण” भन्नाले यस प्रसौनी गाउँपालिकाको कार्यालयवडा कार्यालय तथा यस , उपभोक्ता मैत्री र ,पारदर्शी,कार्यविधि बमोजिम गठित अनुगमन समितिले कार्यक्रमको गुणस्तरीयता तोकिएको मापदण्ड बमोजिम उक्त कार्यक्रम सम्पन्न गर्न गराउन तथा फरफराकको लागि यस गाउँपालिकाबाट गरिने स्थलगत निरिक्षण तथा अनुगमन समेतलाई सम्झनु पर्दछ ।

९झ० "आयोजना" भन्नाले खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धि अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्छ ।

९ञ० "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ ।

९ट० “खानेपानी तथा सरसफाई समिति” भन्नाले खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने यस कार्यविधि बमोनिम गठन हुने समितिलाई जनाउँछ ।

९ठ० “खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउछ ।

९ड० “खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउनेछ ।

९ढ० “खानेपानीको संस्थागत उपयोग"भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

९ण० “गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनुपर्छ

९त० “घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनुपर्छ ।

९थ० "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ ।

९द० तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशन मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

९ध० “पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनुपर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ

९न० मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनुपर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(प) "सरसफाई सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनुपर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ ।

(फ) "सेवा प्रणाली " भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनुपर्छ र सो शब्दले खानेपानी तथा सरसफाई सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ब) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाई सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने संस्था सम्झनुपर्छ ।

(भ) "सेवा क्षेत्र” भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद २
## खानेपानीको अधिकार र स्रोत सम्बन्धि व्यवस्था

**३. खानेपानीमा पहुँचको अधिकारः**

१) यस गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस कार्यविधि तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

२) उपदफा (१) बमोजिमको खानेपानीमा पहुँचको अधिकार अन्तर्गत यस गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

क) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी यस गाउँपालिकाको हुनेछ र यसका लागि यस गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

**४. खानेपानीको स्रोतमा अधिकारः**

१) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकता दिईनेछ ।

२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नुपर्नेछ ।

३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

४) खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा गाउँपालिकाको सहमति लिनुपर्नेछ ।

५) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी संरचनामा क्षती हुन गएमा उक्त परियोजना वा योजनाले न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नुपर्नेछ ।

६) नेपाल सरकार वा प्रदेश सरकारले यस गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व यस गाउँपालिका र सम्बन्धित समुदायको सहमति लिनुपर्नेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः**

१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघसंस्था र निकायको कर्तव्य हुनेछ,

२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहायबमोजिमका कार्यहरु गर्नुपर्नेछ,

क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने, गराउने,

घ) पानीको संरक्षण, सम्बर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा बहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

छ) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

३) खानेपानीको स्रोत संरक्षणका लागि गाउँपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

(स्पष्टीकरणः सम्बन्धित पक्ष भन्नाले लाभान्वीत संस्था वा समुदाय, उपभोक्ता समिति, मुहान विद्यमान रहेको समुदाय र अन्य निकायलाई बुझाउनेछ ।)

**६. खानेपानीको पहुँच पुगेको मानिनेः**

१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

क) धारासम्म पुग्न पार गर्नुपर्ने तेर्सो र ठाडो दुरी क्रमशः १५० मिटर र ५० मिटर भन्दा बढी नहुने,

ख) सबै परिवारहरु १५ मिनेटसम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनुपर्ने,

२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई गाउँपालिका बासीलाई खानेपानी सेवाको निश्चितता गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

३) उपदफा (१) बमोजिमको खानेपानीको राष्ट्रिय मापदण्डको अधिनमा रहि गाउँपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

**७. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाः**

१) देहायको समुदायलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्न सकिनेछ ।

क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,

ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ-कोली, आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको,

घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्युबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेको,

ङ) खानेपानीको लागि प्रयोग भएका सबै स्रोत-क्षेत्रहरु जनावर तथा मानवीय गतिविधि रोक्न संरक्षण गरिएको, विशेष गरी जनावर र मानव मलमुत्रबाट प्रदुषण रोक्न)

च) खानेपानी उपभोक्ता समिति सकृय र आयोजनाको सन्चालन र व्यवस्थापनको लागि प्रभावकारी प्रणाली भएको,

२) सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यविधि तथा अनुगमन निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ३

## संस्थागत संरचना र काम, कर्तव्य, अधिकार

**८. खानेपानी ब्यवस्थापन बोर्डः**

१) खानेपानी व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण, अनुगमन र अन्य आवश्यक निर्णयहरु गर्नका लागि गाउँपालिकामा एक खानेपानी व्यवस्थापन बोर्ड रहनेछ ।

२) गाउँ खानेपानी व्यवस्थापन बोर्डमा देहाय अनुसार अध्यक्ष र सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| क) गाउँ प्रमुख | अध्यक्ष |
| ख) सम्बन्धित वडाको अध्यक्ष | सदस्य |
| ग) गाउँपालिकाको प्राविधिक शाखाको प्रमुख | सदस्य |
| घ) प्रसौनी अन्तर्गत वन कार्यालयका प्रमुख | सदस्य |
| ङ) अध्यक्षले तोकेको गाउँसभाको महिला सदस्य | सदस्य |
| च) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| छ) खानेपानी, सरसफाई तथा स्वच्छता इकाई प्रमुख | सदस्य सचिव |

**९. खानेपानी ब्यवस्थापन बोर्डको काम, कर्तव्य, अधिकारः**

१) गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) खानेपानी सम्बन्धि नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधनगर्नका लागि सुझाव पेश गर्ने,

ग) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी वास योजनाको कार्यान्वयनमा योगदान गर्ने,

ङ) खानेपानी तथा सरसफाई क्षेत्रको प्रभावकारी अनुगमन गर्ने र सुधारका योजनाहरु निर्माण गर्ने ।

च) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाई योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

छ) खानेपानी तथा सरसफाई योजनाहरुको न्यूनतम् सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गर्न,

ज) खानेपानी ब्यवस्थापन बोर्डको अध्यक्षलाई खानेपानी संग सम्वन्धित तोकिएको कुनै महसुल छुट दिने वा मिनहा गर्ने अधिकार हुनेछ ।

झ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१०. वडा खानेपानी तथा सरसफाई समन्वय समितिः**

१) खानेपानी तथा सरसफाई सम्बन्धि काम कारवाहीका लागि वडा स्तरिय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गर्न सकिनेछ ।

**११ खानेपानी, सरसफाई तथा स्वच्छता इकाइ / शाखाको व्यवस्थाः**

१) गाउँपालिकामा खानेपानी व्यवस्थापन बोर्डका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक वास इकाइ वा शाखा स्थापना रहनेछ ।

२) खानेपानी वास इकाइ वा शाखामा तपसिल अनुसारको दरवन्दी बमोजिमको कर्मचारी रहनेछ ।

- शाखा प्रमुख १ जना (प्राविधिक वा प्रशासनिक)
- खानेपानी सब टेक्निसियन दरवन्दी १ जना प्राविधिक कर्मचारी
- लेवर २ जना
- मिस्त्री २ जना
- सुरक्षा गार्ड २ जना
- मिटर रिडर तथा शुल्क बुझ्ने कर्माचारी १ जना

उल्लेखित दरवन्दीमा एक जना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी / अस्थायी कर्मचारीहरु रहनेछन् ।

३) माथि उल्लेखित दरवन्दी अनुसारको कर्मचारीको व्यवस्था गाउँपालिकाको कार्यालयले गर्नेछ ।

४) गाउँपालिकाको कार्यालयले खानेपानी सेवाको लागी माथि उल्लेखित आवश्यक कर्मचारी करार वा दैनिक ज्यालादारीमा भर्ना गर्न सक्नेछ ।

५) खानेपानी सम्वन्धी कामका लागी करार वा दैनिक ज्यालादारीमा भर्ना गरिने कर्मचारीहरुको पारीश्रमिक तथा सेवा सुविधा खानेपानी सेवाको महशुल वा गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोरिनेछ ।

**१२. गाउँपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारीः**

गाउँपालिका वास शाखा इकाईको भूमिका तथा जिम्मेवारी देहायबमोजिम रहनेछ ।

क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत सरसफाई लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवाप्रदायकहरु, स्वयंसेवकहरु, बालक्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

ख) गाउँपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकताबमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

ग) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी खानेपानी व्यबस्थापन बोर्डमा पेश गर्ने,

घ) आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि बोर्डमा सिफारिस गर्ने,

ङ) खानेपानी व्यवस्थापन बोर्डले तोकेबमोजिम खानेपानी योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सञ्चालन तथा सहयोग गर्ने,

च) खानेपानी व्यबस्थापन बोर्डको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित बोर्डको सचिवालयको कार्य गर्ने ।

## परिच्छेद ४
## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धि व्यवस्था

**१६. खानेपानी प्रणालीको वर्गिकरणः**

१) गाउँपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहायबमोजिम वर्गिकरण गरिनेछ ।

क) सामुदायिक खानेपानी प्रणाली

ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

२) गाउँपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ ।

**१७. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेः**

यस कार्यबिधिबमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१८. गुणस्तर मापदण्ड तोक्न सक्नेः**

१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछन् ।

२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाई सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**१९. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धि व्यवस्थाः**

१) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि वास शाखा वा इकाईको मातहतमा रहने गरी निजि उद्यमि तथा वित्तिय संस्था र अन्य गैरसरकारी संस्थाको सहयोगमा प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

२) दफा १९ को उपदफा (१) बमोजिम यस गाउँपालिकाले आफै पानीको गुणस्तर मापन तथा परीक्षण प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता संस्था, निजि उद्यमि तथा वित्तिय संस्था वा कुनै सेवा प्रदायक संस्थालाई प्रयोगशाला स्थापना गर्न उद्योग दर्ता कार्यविधि बमोजिम अनुमती दिन सकिने छ साथै उपभोक्ता संस्था, निजि उद्यमि तथा वित्तिय संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

**२०. खानेपानी गुणस्तर अनुगमन प्रणालीः**

गाउँपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तर र व्यवस्थापनलाई अनुगमन गर्न आबश्यक निर्देशिका, नियम तथा मापदण्ड खानेपानी व्यवस्थापन बोर्डले निर्माण गरी नियमित अनुगमन गर्नेछ ।

## परिच्छेद ५

## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

**२१. खानेपानी महसुल निर्धारणः**

१) गाउँपालिकाको कार्यालयले उपलब्ध गराउने खानेपानी सेवाको महसुल गाउँसभाबाट पारित आर्थिक ऐनमा उल्लेख भए अनुसारको निर्धारण गरी असुल गर्नेछ ।

२) खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको वृहत्तर हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा र सरसफाईमा पहुँचको हक सम्बन्धि मौलिकहकलाई समेत आधार मान्नु पर्नेछ ।

३) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक, व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवाको महसुल खानेपानी व्यवस्थापन बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

**२२. महसूल तथा शुल्क लिन पाउने :**

१) गाउँपालिकाको कार्यालयलाई गाउँसभा वा कार्यालयले तोकेको आधार र मापदण्डको अधीनमा रही उपभोक्ताहरुसँग महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ

२) उपभोक्ताले खानेपानी सेवा उपयोग गरेवापतको महसुल तथा सेवा शुल्क गाउँपालिकाको खानेपानी शाखा अन्तरगतको राजश्व शाखामा बुझाउनु पर्नेछ ।

३) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउनेछैन ।

४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति द तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ।

## २३. मिनाहा वा छुट दिन सक्नेः

- प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवारले खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।
- विपन्न परिवार वा सिमान्तकृत परिवारले खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल खानेपानी धारा जडान गर्ने वापत लाग्ने शुल्क गाउँपालिका अध्यक्षले मनासिव ठानेमा आफ्नो तोकादेशको आधारमा छुट दिन सक्ने वा सो वराबरको रकम गाउँपालिकाको कार्यालयलाई तिर्न आदेश दिन सक्नेछ ।

## २४. असुलउपर गर्न सक्नेः

यस कार्यविधि बमोजिम खानेपानी सेवा तथा सरसफाई सेवा उपयोग गरेवापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट त्यस्तो रकम प्रचलित कानूनबमोजिम असुलउपर गर्न सक्नेछ ।

## २५. खानेपानी सेवाको व्यवस्थापनः

१) गाउँपालिकाले उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी सेवा उप्लब्ध गराउनेछ ।

२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नुपर्नेछ ।

३) कुनैपनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मतसम्भार गरी खानेपानी आपूर्ति नियमित गर्नुपर्नेछ र मर्मतसम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

४) गाउँपालिकाले व्यक्तिगत खानेपानी प्रणाली भएका घरपरिवारमा मिटर जडान गरी दफा २२ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

५) खानेपानीमा सेवाको नियमित मर्मतसम्भारको जिम्मेवारी गाउँपालिका कार्यालयको हुनेछ ।

६) गाउँपालिकाबाट प्राबिधिक टोली पठाई आवश्यक मर्मत संभारका कार्य गरिनेछ ।

७) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ६

## पूर्वाधार निर्माण तथा मर्मतसम्भार सम्बन्धि व्यवस्था

**२६. पूर्वाधारको निर्माण वर्गिकरणः**

१) गाउँपालिकाका खानेपानी आयोजनाहरुलाई लाभान्वीत घरधुरीका आधारमा देहायबमोजिम वर्गिकरण गर्नुपर्नेछ ।

क) ठुला आयोजनाः ५०० घरपरिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ ।

ख) मझौला आयोजना : १०० देखि ५०० घरपरिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ ।

ग) साना आयोजना : १०० भन्दा कम घरपरिवार लाभान्वीत भएको आयोजनालाई साना आयोजनामा वर्गिकरण गरिनेछ ।

ग) पाईपलाईन खनाई

घ) अन्य अदक्ष कामदार सरहको कार्य ।

२) उपदफा (१) (ग) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि गाउँपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

**२७. समुदायको योगदान सम्बन्धि व्यवस्थाः**

१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको २० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

क) निर्माण सामग्री ढुवानी

ख) स्थानीय सामग्री संकलन

२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घरपरिवारलाई श्रमको विभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ ।

३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, वृद्धवृद्धाहरु, दीर्घरोगीहरु आदि) ले भने श्रमदान गर्नुपर्नेछैन ।

४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनुपर्नेछ ।

५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारासम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जिआई पाईप, टुटी लगाएतका सामग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नुपर्नेछ ।

## परिच्छेद ७
## अनुमति पत्र सम्बन्धि व्यवस्था

### २८. अनुमतिपत्र लिनुपर्नेः

१) यस गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस कार्यविधि बमोजिम प्रसौनी गाउँपालिकाबाट अनुमतिपत्र लिनुपर्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धि सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्नेछैन ।

३) यस गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यवसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनुपर्नेछ ।

### २९. अनुमतिपत्र दिनुपर्ने :

१) दफा १४ बमोजिम परेको निवेदनमा यस गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस कार्यबिधि र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिनेछ र सो अवधिपश्चात प्रसौनी गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिनेछ ।

३) अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाई आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

४) यो कार्यविधि प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस कार्यविधि तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनुपर्नेछ ।

५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउनेछैन ।

**३० अनुमतिपत्र प्रदान नगरिने :**

१) यस कार्यविधि वा प्रचलित कानूनबमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान भइहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिनेछैन ।

२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्नका लागि यस कार्यविधिमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धि सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेछैन ।

**३१. अनुमतिपत्र खारेज :**

१) यस कार्यबिधि बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले कार्यविधि नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाई सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाई सेवा प्रदान गरेवापत अनुमतिपत्रमा उल्लेख गरिएभन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा प्रसौनी गाउँपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाले यस कार्यविधि बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद ८
## खानेपानी तथा सरसफाई व्यवस्थापन कोष

**३३. कोषको स्थापनाः**

खानेपानी तथा सरसफाई सम्बन्धि पुर्वाधारहरुको निर्माण, मर्मत तथा सुधारका लागि प्रसौनी गाउँपालिकामा खानेपानी तथा सरसफाई ब्यवस्थापन कोषको स्थापना गरिनेछ । प्रसौनी गाउँपालिकाले खानेपानी तथा सरसफाई क्षेत्रमा काम गर्नका लागि छुट्टै बैंक खाताको व्यवस्था गर्नेछ, वा नयाँ खाताको सिर्जना गर्नेछ ।

**३४. कोषमा रकम संकलन तथा परिचालन बिधि :**

**क) कोष संकलन :**

१) दफा ४४ को उपदफा १ देखि ६ सम्म उल्लेख भएका रकमहरु उक्त कोषमा जम्मा गरिनेछ ।

**ख) कोष परिचालन :**

१) कोष परिचालनका लागि खानेपानी व्यवस्थापन बोर्डको निर्णय अनुसार प्रसौनी गाउँपालिकाको खानेपानी तथा सरसफाई इकाई /शाखाले खानेपानी, सरसफाई र स्वच्छता योजनामा प्राथमिकतामा रहेका योजनाहरु कार्यान्वयन गर्न सक्नेछ ।

२) विभिन्न अन्तर्राष्ट्रिय / राष्ट्रिय गैरसरकारी संघ-सस्थाहरुले खानेपानी, सरसफाई र स्वच्छताका योजनाहरु कार्यान्वयनका लागि साझेदारी गरी कोषको रकम खर्च गर्न सकिनेछ ।

३) कोषमा जम्मा भएको रकमलाई खानेपानी व्यबस्थापन बोर्डको निर्णय अनुसार खर्च गरिनेछ ।

४) गाउँपालिकाले बितरण गरिदै आइरहेको र विद्यालय र स्वास्थ्य संस्थाहरुले प्रयोग गरिदै आइरहेको खानेपानीलाई बार्षिक १ पटक मनसून पछि खानेपानीको गुणस्तर जाँच गरिनेछ ।

५) फोहोर पानीका कारण कुनै रोग वा महामारी फैलिएमा आवश्यकता अनुसार सम्बन्धित ठाउँको पानीको गुणस्तर जाँच गरिनेछ ।

६) उक्त कोष परिचालन गर्नका लागि थप निर्देशिका वा मापदण्ड आवश्यक परेमा खानेपानी व्यवस्थापन बोर्डले थप निर्देशिका वा मापदण्ड निर्माण गरी लागु गर्न सक्नेछ ।

७) खानेपानी सेवा प्रदान गर्नमा सहजता सिघ्रता ल्याउन प्रयोजनार्थ यस कार्यविधि अनुसारको दरवन्दीमा करार सेवाबाट नियुक्त गरिएको कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सुविधा कोषमा जम्मा भएको रकमबाट दिईनेछ ।

**३५. कोष संकलनका स्रोतहरु :**

१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु गाउँपालिकामा दर्ता गर्दा संकलन हुने राजस्वहरु,

२) गाउँपालिकामा दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु नविकरण गर्दा संकलन हुने राजस्वहरु,

३) संघ तथा प्रदेशका विभिन्न निकायहरुवाट प्राप्त हुने रकमहरु,

४) विभिन्न दातृ संस्थाहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था र स्थानिय संघ-संस्थाहरूबाट खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा काम गर्न सहयोग स्वरुप उपलब्ध हुने रकमहरु,

५) खानेपानी उपभोक्ता समितिहरुले नियम विपरित खानेपानी वितरण गरेको अवस्थामा गाउँपालिकाले जरिवाना लगाउदा संकलन हुने रकमहरु,

## परिच्छेद ९
## विविध

**३६. कसुर र सजाय :** खानेपानी तथा सरसफाईसम्बन्धि कसुरको निर्धारण र दण्ड सजायसम्बन्धि व्यवस्था खानेपानी तथा सरसफाईसम्बन्धि संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**३७. सूचना अभिलेख प्रणालीः**

१) गाउँपालिका क्षेत्रको खानेपानी तथा सरसफाई सम्बन्धि तथ्यांक अध्यावधिकका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ ।

२) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधिकका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ ।

**३८. योजना निर्माणः** गाउँपालिकाले सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाई योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**३९. विवरण उपलब्ध गराउने :**

१) गाउँपालिकाले आफै वा प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायका विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउनेछ :

क) खानेपानी तथा सरसफाई सेवाबाट लाभान्वीत जनसंख्या,

ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या,

ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाई प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिनेछ र यस्ता विवरणहरु आवश्यकता अनुसार समयसमयमा खानेपानी तथा सरसफाईसम्बन्धि विद्युतीय एकीकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

**४०. पुरस्कारसम्बन्धि व्यवस्थाः**

खानेपानी तथा सरसफाई व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघसंस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४१. निर्देशन दिन सक्ने :**

गाउँपालिकाले सेवा प्रदायक अन्य संघसंस्थालाई खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४२. अधिकार प्रत्यायोजनः**

गाउँपालिकाको प्रमुखले यस कार्यबिधि बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

**४३. खानेपानी आयोजना र संरचनाको हस्तान्तण :**

(१) गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाई आयोजना र सो सम्बन्धि संरचनाहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाई आयोजना र सोका संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि गाउँपालिका अन्तरगतको खानेपानी शाखा अन्तरगत गाभिनेछ ।

**४४. नियम तथा निर्देशिका बनाउने सक्ने :** यस कार्यविधिमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

***

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०

प्रमाणिकरण मिति २०८०।०३।३० :

आज्ञाले

सुमित कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत